## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम (३) बमोजिम प्रकाशन गरिएको त्रैमासिक विवरण

**कार्यालय: आन्तरिक राजस्व विभाग**

**आर्थिक वर्ष: २०८१/८२ अवधि: २०८१ कार्तिक देखि पौषसम्म**

| सि.नं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | **निकायको स्वरुप र प्रकृति** | **<u>१. पृष्ठभूमि</u>**<br>कर प्रणालीलाई शासन व्यवस्थाको मेरुदण्डको रूपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढंगले सञ्चालन हुने, दिगो आर्थिक विकास हाँसिल हुने र सेवा प्रवाह प्रभावकारी भई सुशासन कायम हुन्छ । कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन्। समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यावसायिक कर प्रशासन कर प्रणालीका आधार हुन्। अतः कर प्रणालीका तत्वहरु मध्ये प्रमुख रहेको कर प्रशासनलाई अझ सुदृढ, दक्ष, आधुनिक र प्रविधियूक्त बनाई मितव्ययी तवरबाट करदातालाई प्रदान गर्ने सेवामा प्रभावकारिता ल्याई अधिकतम राजस्व परिचालन गर्नका लागि आधुनिक कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, तथ्य एवं सूचनामा आधारित अनुसन्धान, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी कर कानूनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्ने उद्देश्यका साथ साविकको कर विभाग र मूल्य अभिबृद्धि कर विभागलाई एकीकृत गरी २०५८ साल बैशाख २ गते आन्तरिक राजस्व विभागको गठन भएको हो। आन्तरिक राजस्व विभागले वित्त नीति अन्तर्गत कर नीतिको महत्वपूर्ण उपकरण मानिएको प्रत्यक्ष कर आयकर तथा अप्रत्यक्ष कर मूल्य अभिबृद्धि कर र अन्तःशुल्कका साथै स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, प्रदुषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दुरसञ्चार सेवा दस्तुर, विद्युतीय सेवा कर, विलासिता शुल्क, वैदेशिक पर्यटन शुल्क र वैदेशिक रोजगार सेवा शुल्क सम्बन्धी कर नीति निर्माण तथा ती कर नीतिको कार्यान्वयन तथा प्रशासन गर्दछ ।<br>आफू र मातहतका कार्यालयहरुले सम्पादन गर्ने कार्यहरुमा विशिष्टीकरण गरी प्रवाह गर्ने सेवामा उत्कृष्टता ल्याउन हरेक कार्यालयहरुमा कामको आवश्यक विश्लेषण गरी कार्यगत संगठनात्मक कार्य ढाँचा अवलम्बन गरिएको छ। त्यस्तै विभाग र मातहतका कार्यालयहरुको हरेक क्रियाकलापहरुलाई व्यावसायिक बनाई नमूना संगठनको रूपमा स्थापित गर्नका लागि नतिजामुखी प्रशासनलाई अंगिकार गरिएको छ। प्रभावकारी कर शिक्षा र करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ "कर प्रणालीको सार, लगानीको आधार" मूल नाराका साथ विभाग र मातहतका कार्यालयहरुले आफ्ना गतिविधिहरु लक्षित गरी कार्य गर्दै आएका छन्। जसले गर्दा कर कानूनको परिपालनामा सहजता आउनुका साथै करको दायरा फराकिलो हुनगई कर संकलनमा उल्लेख्य मात्रामा बृद्धि हुँदै आएको छ। |
| २. | **निकायको काम, कर्तव्य र अधिकार** | **<u>प्रमुख कार्यहरु (Functions)</u>**<br>करदाता सेवा,<br>कर संकलन,<br>कर फिर्ता,<br>कर परीक्षण तथा अनुसन्धान,<br>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरु,<br>नीति तर्जुमा र व्याख्या,<br>अन्तर्राष्ट्रिय कर सम्बन्धी कार्यहरु, |

| | | |
|---|---|---|
| | | कानूनी राय र पुनरावेदन सम्बन्धी कार्यहरु,<br>प्रशासकीय पुनरावलोकन सम्बन्धी कार्य,<br>सहज सेवा तथा वित्तीय सूचनाको अभिलेखका लागि सूचना प्रणालीको विकास एवं प्रयोग र संस्थागत सुधार, क्षमता विस्तार, आर्थिक प्रशासन, कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धी कार्यहरु । |
| ३. | **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** | विभागमा राजपत्राङ्किततर्फ ८१ र राजपत्र अनंङ्कितर्फ २४ र श्रेणी विहिन १७ गरी जम्मा ११२ जनाको स्थायी दरबन्दी रहेको छ । सो बाहेक बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट, बरिष्ठ अर्थशास्त्री, अन्तर्राष्ट्रिय कर विज्ञ, अन्तर्राष्ट्रिय कानून विज्ञ, प्रणाली विश्लेषक, प्रोग्रामर, डाटावेश एडमिनिष्टर, हार्डवेयर तथा नेटवर्क टेक्निसियन, पावर टेक्निसियन, डा.ई.सु, हलुका सवारी चालक र कार्यालय सहयोगी लगायत कर सम्बन्धी विशेषज्ञ सेवा करारमा लिन सकिने व्यवस्था छ। विभाग अन्तर्गत ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालयहरु ४३ र करदाता सेवा कार्यालयहरु ३९ गरी जम्मा ८४ वटा कार्यालयहरु रहेका छन् । विभाग र मातहत कार्यालयहरुमा राजपत्रांङ्कितर्फ ६२३, राजपत्रअनंङ्कितर्फ ५२६, श्रेणीविहिन ५४४ र विशेषज्ञ सेवा ८ गरी कूल १७०१ जनशक्तिको स्थायी दरबन्दी रहेको छ । |
| ४. | **निकायबाट प्रदान गरिने सेवा** | **विभागले सम्पादन गर्नुपर्ने कार्यहरु, कार्य सञ्चालन प्रकृया र कार्य सञ्चालनका लागि अबलम्बन गरिने पद्धतिः**<br><br>मुलुकको विद्यमान कर प्रणाली अनुसार आन्तरिक राजस्व विभागको महानिर्देशकलाई आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क ऐनका साथै स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, प्रदुषण नियन्त्रण शुल्क,टेलिफोन स्वामित्व शुल्क, दुरसञ्चार सेवा दस्तुर, विद्युतीय सेवा कर, विलासिता शुल्क, वैदेशिक पर्यटन शुल्क र वैदेशिक रोजगार सेवा शुल्कको प्रशासन गर्न कानूनी अधिकारीको रूपमा जिम्मेवारी सुम्पिएको छ। त्यसैगरी सालबसालीरुपमा सरकारले तर्जुमा गर्ने आर्थिक ऐनबाट आन्तरिक राजस्व विभागले कार्य सम्पादन गर्ने गरी तोकिएका नीतिहरुको कार्यान्वयन गर्ने दायित्व पनि विभागकै रहेको हुन्छ। प्रचलित कानूनको अधिनमा रही आफ्ना मातहतका कार्यालय मार्फत सरकारले अवलम्वन गरेका राजस्व नीतिको सफल कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी विभागीय प्रमुखको हैसियतले महानिर्देशकको हुनेछ। कानूनले महानिर्देशक आफैले सम्पादन गर्ने गरी निर्दिष्ट गरेका विषयमा अधिकार प्रत्यायोजन नगरी आफैले कार्य सम्पादन गर्नु पर्नेछ। अन्य कामको सम्बन्धमा निजले आवश्यकता अनुसार आफू मातहतका उप– महानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत, शाखा अधिकृत र कर अधिकृतहरुलाई अधिकारको प्रत्यायोजन गर्न सक्नेछ। महानिर्देशकलाई सहयोग गर्नु मातहतका सवै कर्मचारीको कर्तव्य हुनेछ। नेपाल सरकारले स्वीकृति गरेको कार्य ढाँचा अन्तर्गत रही संगठनको सञ्चालनगर्ने गराउने र कार्यको सुपरीवेक्षण गर्ने जिम्मेवारी महानिर्देशकको रहनेछ। महानिर्देशक समक्ष पेश हुने फाइलहरु अध्ययन गरी निर्णयको लागि पेश गर्ने, आगन्तुकको व्यवस्थापन गर्ने, प्राप्त पत्रहरु तोक आदेशानुसार सम्बन्धित शाखामा पठाउने र सञ्चार सहजीकरण लगायतका कार्यका लागि एक सचिवालय रहेको छ। |

| | | |
|---|---|---|
| ५. | **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** | **<u>सञ्चालन महाशाखा</u>**<br>यो महाशाखा समग्र विभागको व्यवस्थापकीय कार्य सञ्चालनका दृष्टिकोणले प्रमुख महाशाखाको रूपमा रहेको छ। विभागकोतर्फबाट करदातालाई दिनुपर्ने सेवा सुविधा, करदाताकोतर्फबाट आएका गुनासा तथा समस्याहरुको समाधान, कर परीक्षण तथा अनुसन्धान, कर संकलन, बक्यौता व्यवस्थापन र बेरुजू सम्बन्धी कामको सम्बन्धमा जिल्ला स्थित मातहतका कार्यालयहरुसँग आवश्यक समन्वय गरी प्रभावकारी सेवाको सुनिश्चितता गर्ने कार्य यस महाशाखाले गर्दछ। महाशाखाको नेतृत्व राजपत्रांकित प्रथम श्रेणीका उप–महानिर्देशकले गर्ने व्यवस्था रहेको छ। यस महाशाखा अन्तर्गत करदाता सेवा शाखा, कर परीक्षण व्यवस्थापन शाखा, सूचना संकलन, अनुसन्धान तथा जोखिम विश्लेषण शाखा, अनुगमन तथा मूल्याङ्कन शाखा, संकलन शाखा, बक्यौता तथा बेरुजू शाखा र कर फिर्ता शाखा रहेका छन् । त्यसैगरी, उपमहानिर्देशक समक्ष पेश हुने फाइलहरु अध्ययन गरी निर्णयको लागि पेश गर्ने, आगन्तुकको व्यवस्थापन गर्ने, प्राप्त पत्रहरु तोक आदेशानुसार सम्बन्धित शाखामा पठाउने र सञ्चार सहजीकरण लगायतका कार्यका लागि एक सचिवालय रहेको छ।<br>**(क) करदाता सेवा शाखा**<br>हाम्रो कर प्रणाली स्वयं कर निर्धारणमा आधारित प्रणाली हो। तसर्थ, करदातालाई आफ्नो कारोबार एवं व्यवसायको आफैंले सही एवं यथार्थपरक ढंगले लेखाङ्कन तथा प्रतिवेदन गर्न सक्षम तुल्याउनु करदाता सेवा एवं शिक्षाको मूल ध्येय हो । विद्यमान कर कानूनको परिपालनामा करदातालाई उत्प्रेरित गराउन उत्कृष्ट सेवाको सुनिश्चितता प्रदान गर्दै लागत कटौतिको माध्यमद्वारा कर सहभागितामा वृद्धि ल्याई प्रकियागत सरलीकरणको उचित प्रवन्ध गर्न सकिएमात्र स्वेच्छिक कर सहभागिता वृद्धि भई आन्तरिक राजस्व परिचालनमा सकारात्मक प्रभाव पर्दछ। यस शाखाले करको दायरामा विस्तार गरी स्वेच्छक कर सहभागितामा बढोत्तरी ल्याउनका लागि करदाता सेवा तथा शिक्षा जस्ता अत्यावश्यकीय कार्यहरु गर्ने गराउने गर्दछ। यसै सन्दर्भमा विभागीय तहबाट प्रदान गर्नुपर्ने करदातासँग सरोकार राख्ने सेवाहरु छिटो, छरितो एवं लागत प्रभावी हिसावले गुणस्तरीय ढंगबाट प्रदान गर्न र विभाग मातहतका कार्यालयहरुको करदाता सेवा सम्बन्धी कार्यको अनुगमन लगायतका कार्यको लागि यस शाखाले आवश्यक नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरेको छ । करको दायरा विस्तार, करदाता शिक्षा एवं सेवा, सुविधा प्रदान गर्ने कार्यको प्रभावकारी कार्यान्वयन र सोको अनुगमन, निरीक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा गर्नुपर्ने सुधारका सम्बन्धमा निर्वाह गर्नुपर्ने भूमिकाका लागि यस शाखामा निर्देशक सहित शाखा अधिकृतहरु र अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ । करदाताको सन्तुष्टि नै यस शाखाको लक्ष्य र कार्य सम्पादनको आधार हो ।<br>**(ख) राजस्व संकलन तथा प्रक्षेपण शाखा**<br>आन्तरिक स्रोतको प्रभावकारी परिचालन गरी अधिकतम आन्तरिक राजस्व संकलनद्वारा राज्य निर्माणमा योगदान गर्न विभागका लक्ष्य, उद्देश्य र कार्यनीतिहरु परिलक्षित रहेका छन्। त्यसैगरी विभागका नियमित गतिविधिहरु समेत राजस्व संकलनको प्रमुख उद्देश्यले नै लक्षित भएका छन् । विभागले प्रशासन गर्नुपर्ने करबाट हुनुपर्ने कर राजस्व संकलनको प्रक्षेपण र भएको संकलनको अनुगमन र प्रतिवेदन गर्ने मूल प्रयोजनका लागि विभागमा कर संकलन शाखा रहेको छ । कर संकलन शाखामा एक जना निर्देशक र एक जना शाखा अधिकृत रहने व्यवस्था छ ।<br>**(ग) बक्यौता तथा बेरुजू शाखा**<br>**<u>बक्यौतातर्फः</u>**<br>आफ्नो नाममा सिर्जना भएको कर दायित्व लामो समयसम्म नतिरी दायित्व बाँकी राख्ने करदाताहरुको लगत अद्यावधिक राखी बक्यौता रहेको आयकर , मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्कका साथै स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, प्रदुषण नियन्त्रण शुल्क,टेलिफोन स्वामित्व शुल्क, दुरसञ्चार सेवा दस्तुर, विद्युतीय सेवा कर, विलासिता शुल्क, वैदेशिक पर्यटन शुल्क र वैदेशिक रोजगार सेवा शुल्क असुल गर्न पत्राचार गर्ने, कारोवार एवं सम्पत्ति रोक्का राख्ने, सम्पत्ति कब्जा तथा लिलामी लगायत प्रकृया पूरा गरी अदालतमा मुद्दा दायर गर्ने जस्ता बक्यौता असुली सम्वन्धी कार्यको लागि मातहतका कार्यालयहरुलाई आवश्यक निर्देशन दिने तथा बक्यौता असुली सम्बन्धमा कार्यालयहरुले सम्पादन गरेका कार्यहरुको अनुगमन गर्ने प्रमुख जिम्मेवारी बक्यौता शाखाको रहेको हुन्छ । यस शाखामा एक जना निर्देशक र एक जना शाखा अधिकृतको दरवन्दी रहेको छ ।<br>**<u>बेरुजूतर्फः</u>**<br>विभाग र मातहतका कार्यालयहरुमा कायम रहेको बेरुजु समयमै फरफारक गरी आर्थिक अनुशासन प्रवर्द्धन गर्ने कार्यमा आवश्यक समन्वय र सहजकर्ताको कार्य गर्नु यस शाखाको प्रमुख जिम्मेवारी रहेको छ । |

**(घ) कर परीक्षण व्यवस्थापन शाखा**

हामीले अपनाएको कर प्रणाली पूर्णतया स्वयं कर निर्धारण सिद्धान्तमा आधारित रहेको छ । कानूनी व्यवस्था अनुसार प्रत्येक करदाता नै आफूले गरेको कारोवारको कर निर्धारण गर्ने कर अधिकृत हो। करदाताहरुले पेश गरेका विवरण बमोजिम दाखिला गरेको कर नै अन्यथा प्रमाणित नभएसम्म सामान्यतया अन्तिम मानिन्छ। कार्यालयहरुबाट सम्पादन गरिने कर परीक्षण कार्यका लागि लक्ष्य निर्धारण गर्ने र कार्यालयबाट गरेका कर परीक्षण सम्बन्धी कार्यको अनुगमन गर्नु यस शाखाको मुख्य कार्य हुनेछ ।

**(ङ) कर फिर्ता शाखा**

कुटनीतिक नियोग तथा कर छुट प्राप्त अन्तर्राष्ट्रिय संस्थाहरुको कर फिर्ता दिने तथा मातहतका कार्यालयहरुबाट भए गरेका कर फिर्ताका काम कारवाहीको अनुगमन गरी प्रतिवेदन गर्ने लगायतका कर फिर्ता सम्बन्धी नीतिगत तथा समन्वयात्मक र सहजीकरणको कार्य गर्नु यस शाखाको मुख्य जिम्मेवारी रहेको छ ।

**(च) अनुगमन तथा मूल्याङ्कन शाखा**

विभाग मातहतका कार्यालयहरुले सम्पादन गर्ने कार्यगत लक्ष्यहरुको आधारमा समय समयमा आवश्यक अनुगमन तथा मूल्याङ्कन गरी कार्यालयहरुलाई आवश्यकता अनुसार सुधारका लागि पृष्ठपोषण तथा निर्देशन दिई मातहतका कार्यालयहरुको कार्यक्षमतामा अभिवृद्धि ल्याउदै व्यावसायिक दक्षतामा समेत वृद्धि ल्याउने उद्देश्यका निम्ति यो शाखा रहेको छ । यस शाखाले मूलत विभाग अन्तरगतका कार्यालयहरुको कार्य सम्पादन सूचकाङ्क सम्बन्धी कार्यको निरन्तर अनुगमन गर्दछ ।

## नीति विश्लेषण महाशाखा

कर प्रणालीका विभिन्न पक्षहरु मध्येको महत्वपूर्ण पक्ष कर नीति हो। कर नीतिको सही र व्यवहारिक प्रयोगले मात्रै कर परिचालनमा प्रभावकारिता आउँदछ। आन्तरिक स्रोत परिचालनमा दक्षता हासिल गरी करको दायरा विस्तार गर्दै प्रभावकारी स्रोत व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने कानून एवं नीतिगत विषयमा आवश्यक सल्लाह सुझावद्वारा कर नीतिको उचित व्याख्या गरी कर सम्बन्धी प्रचलित कानूनहरुको परिपालनामा एकरूपता ल्याउने कार्यमा प्रमुख जिम्मेवारी निर्वाह गर्ने महाशाखाको रूपमा नीति विश्लेषण महाशाखा रहेको छ। विभाग र मातहतका कार्यालयहरुले दैनिक रूपमा सम्पादन गर्ने काम कारवाहीमा विशिष्टता हासिल गरी सुदृढ कर प्रणालीको अवलम्बनका लागि गर्नुपर्ने आवश्यक नीतिगत र कानूनी सुधारका सम्बन्धमा सरोकारवाला निकाय तथा तालुक मन्त्रालयलाई आवश्यक सुझाव र पृष्ठपोषण गर्ने कार्य समेत यस महाशाखाले गर्दछ। महाशाखाको नेतृत्व राजपत्रांकित प्रथम श्रेणीका उप–महानिर्देशकले गर्ने व्यवस्था रहेको छ। यस महाशाखा अन्तर्गत नीति विश्लेषण शाखा, कर प्रणाली सुधार शाखा, अन्तर्राष्ट्रिय कर शाखा, कर परीक्षण पुनरावलोकन शाखा, योजना तथा मानव संसाधन विकास शाखा, कानून शाखा, सामान्य प्रशासन शाखा र आर्थिक प्रशासन शाखा गरी जम्मा ८ वटा शाखाहरु रहेका छन् ।

उप महानिर्देशक समक्ष पेश हुन आउने फाइलहरु अध्ययन गरी निर्णयको लागि पेश गर्ने, आगन्तुकको व्यवस्थापन गर्ने, प्राप्त पत्रहरु तोक आदेशानुसार सम्बन्धित शाखामा पठाउने र सञ्चार सहजिकरण लगायतका कार्य गर्नका लागि एक सचिवालय रहनेछ ।

**(क) नीति विश्लेषण शाखा**

यस शाखाले मूलत कर नीतिको अनुसन्धान, विश्लेषण र परिमार्जन, कर कानून र नीतिको व्याख्या र पूर्वादेश सम्बन्धी कार्यहरु गर्दछ। यस शाखामा एक निर्देशक, दुई शाखा अधिकृतहरु तथा अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ ।

**(ख) कर प्रणाली सुधार शाखा**

कर प्रणाली सुधार अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदातासँग सम्बन्धित चार आयामहरु रहेका छन् । अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल सकेसम्म करका सबै क्षेत्र समेटिने गरी कर नीति तर्जुमा गर्नु पर्दछ । कर नीति लगानी एवं व्यवसायमैत्री र राष्ट्रको दिगो श्रोतको रूपमा रहेको आन्तरिक राजस्वको बृद्धिलाई सघाउ पुर्याउने वित्तीय औजार पनि हो । आय आर्जन, कारोवार र व्यवसायका सबै दायरा समेटिने गरी समन्यायिक र करदाता मैत्री कर कानून आजको आवश्यकता हो । यिनै आवश्यकता पूरा गर्न कर नीतिमा गर्नु पर्ने समसामयिक सुधारका लागि कर प्रणाली सुधार शाखाबाट नीतिगत कार्यमा सघाउ पुर्याउंदछ। यस शाखामा एक निर्देशक, एक शाखा अधिकृत रहने व्यवस्था छ ।

**(ग) अन्तर्राष्ट्रिय कर शाखा**

व्यापार, लगानी, रोजगारी लगायतका आर्थिक कियाकलापहरु एउटै देशको सीमाभित्र मात्र सीमित रहन सक्दैन। विश्वव्यापिकरणको प्रवाह सँगै एकदेशको सीमा भन्दा बाहिर समेत फैलिएका आर्थिक क्रियाकलापहरुवाट प्राप्त हुने आयको कुनै एक वा एक भन्दा बढी देशको र कानून अनुसार हुने करारोपण सम्बन्धी विषय अन्तर्राष्ट्रिय कर अन्तर्गत पर्दछ। दोहोरो कर मुक्ति सम्झौता, अन्तर्राष्ट्रियस्तरका सूचना आदान प्रदान लगायतका विषयका कार्य यस शाखा अन्तर्गत पर्दछन्। यस विषयसँग सम्बन्धित कार्यहरु सम्पादन गर्न एक निर्देशक र एक शाखा अधिकृत रहने ब्यवस्था छ।

**(घ) कर परीक्षण पुनरावलोकन शाखा**

विभाग अन्तर्गका कार्यालयहरुबाट करदाताहरुको अनुसन्धान तथा कर परीक्षणको समयमा घटीबढी करारोपण भएकोमा सच्याउन लगाउने, कर परीक्षण कार्यमा एकरूपता ल्याई कर परीक्षणको प्रकियागत एवं गुणात्मक सुधार गर्नका लागि कर परीक्षण पुनरावलोकन शाखा रहेको छ। यस शाखामा एक निर्देशक, दुई शाखा अधिकृत र आवश्यकतानुसारका अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ। यस शाखाले विभाग अन्तर्गत रहेका कार्यालयहरुले गरेको कर परीक्षण र अनुसन्धानको गुणस्तर परीक्षण अर्थात पुनरावलोकन गर्ने सन्दर्भमा करदाता छनौटको आधार र मापदण्ड तयार गर्ने, फाइल छनौट गर्ने, अध्ययन गरी प्रतिवेदन गर्ने लगायतका कार्यहरु गर्दछ।

**(ङ) योजना तथा मानव संशाधन विकास शाखा**

आन्तरिक राजस्व विभागको कार्यशैली तथा कार्यकुशलतामा समय सापेक्षरूपमा परिवर्तन गरी विभागलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमै प्रतिस्पर्धी बनाउनु पर्ने आवश्यकता छ। सोही आवश्यकतालाई परिपूर्ति गर्ने तर्फ पहल गर्न विभागमा योजना तथा मानव संशाधन विकास शाखा रहेको छ। यस शाखाले विभागले गर्ने कार्यहरुलाई योजनाबद्ध तरिकाले अगाडि बढाउने र आगामी दिनहरुमा विभागमा रहेका जनशक्तिलाई कार्यकुशल र प्रतिस्पर्धी बनाउन आवश्यक तालिम तथा अन्य शीपहरु उपलब्ध गराउने कार्यक्रमहरु सञ्चालन गर्ने वा सहभागी गराउने कार्य गर्दछ। यस शाखामा एक निर्देशक, एक शाखा अधिकृत रहने व्यवस्था छ। योजना तथा मानव संशाधन विकास सम्बन्धी विभागको वार्षिक कार्ययोजना तयार गर्ने, तालिम गोष्ठी सेमिनार आयोजना गर्ने, यसमा सहभागीहरुको मनोनयन सिफारिस गर्ने लगायतका कार्यहरु यस शाखाबाट सम्पादन हुने गरेको छ।

**(च) कानून शाखा**

विभागीय काम कारवाहीका सम्बन्धमा करदाताले पुनरावलोकनका लागि निवेदन दिनसक्ने तथा अदालतहरुमा समेत मुद्दा दायर गर्न सक्ने प्रावधानले गर्दा विभागले मुद्दा मामिला सम्बन्धी कार्य समेत गर्नुपर्ने हुन्छ । तसर्थ, विभागको काम कारवाहीमा आइपर्ने मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा, अदालतहरुमा दर्ता भएका रिट सम्बन्धी कार्य लगायत कर कानून सम्बन्धी कुनै राय माग भई आएमा सो सम्बन्धी कार्य गर्नका लागि विभागमा कानून शाखा रहेको छ। यस शाखामा उपन्यायाधिवक्ता एक, जिल्ला न्यायाधिवक्ता एक, कानून अधिकृत एक र अन्य सहायक स्तरका कर्मचारी कार्यरत रहने व्यवस्था छ।

**(छ) सामान्य प्रशासन शाखा**

विभाग र मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सरुवा बढुवा लगायतका प्रशासनिक काम सम्पादन गर्नको लागि नीति विश्लेषण महाशाखा अन्तरगत सामान्य प्रशासन शाखा रहेको छ। यस शाखाले मूलत कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्य गर्दछ। यस शाखामा एक निर्देशक, दुई शाखा अधिकृत र आवश्यकता अनुसारका अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ। यस शाखाले विभाग मातहतका समग्र कर्मचारी व्यवस्थापन, विभागको जिन्सी व्यवस्थापन लगायत समग्र व्यवस्थापकीय कार्यहरु गर्दछ।

**(ज) आर्थिक प्रशासन शाखा**

विभाग र मातहतका कार्यालयहरुलाई विनियोजन भएको बजेट नियमानुसार खर्च गरी सोको लेखांकन तथा अभिलेख राख्ने प्रमुख उद्देश्यले नीति विश्लेषण महाशाखा अन्तर्गत आर्थिक प्रशासन शाखा रहेको छ। यस शाखाले मूलत आर्थिक प्रशासनसँग सम्बन्धित कार्यहरु सम्पादन गर्दछ।

यस शाखामा एक जना लेखा नियन्त्रक, एक जना लेखा अधिकृत र आवश्यकता अनुसार अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ। यस शाखाको मुख्य कार्यमा विभागको आर्थिक प्रशासन सञ्चालन गर्ने, यस कार्यमा मातहतका कार्यालयहरुसंग आवश्यक सहयोग, समन्वय गर्ने तथा निर्देशन दिने, वार्षिक खरिद योजना तथा खरिद प्रक्रिया अगाडि बढाउने, पुराना तथा प्रयोगमा नआउने जिन्सी सामानहरुको लिलाम विक्री तथा उचित प्रबन्ध मिलाउने लगायतका छन्।

## अन्तःशुल्क तथा अनुसन्धान महाशाखा

अन्तःशुल्क प्रशासन गर्ने सन्दर्भमा विभागले गर्नुपर्ने कार्यहरु सम्पादन गर्न तथा सूचना संकलन तथा अनुसन्धान सम्बन्धी कार्यका लागि विभागमा अन्तःशुल्क तथा अनुसन्धान महाशाखा रहेको छ। अन्तःशुल्क ऐन तथा नियमावली बमोजिम वस्तुको आन्तरिक उत्पादन तथा विक्री एवं सेवामा लाग्ने अन्तःशुल्क असुल उपर गर्ने गराउने एवं इजाजत दिने दायित्व यस विभागको रहेको छ। अन्तःशुल्क असुल गर्ने वा अन्तःशुल्क प्रशासन गर्ने सन्दर्भमा गर्नुपर्ने कार्यहरु यस विभाग र अन्तर्गतका तथा तोकिएका कार्यालयहरुले सम्पादन गर्दछन् । अन्तःशुल्कको प्रशासन गर्ने सन्दर्भमा गरिनु पर्ने कार्यहरु मध्ये नीतिगत कार्यहरु विभागले र कार्य सञ्चालन तहका कार्यहरु कार्यक्षेत्र अनुसार तोकिएका कार्यालयहरुबाट सम्पादन हुन्छ। साथै स्वेच्छिक कर सहभागिता नजनाउने तथा यथार्थ भन्दा न्यून कर दाखिला हुने गरी सहभागिता जनाउने लगायत कर छली तथा चुहावटमा उद्यत रहने करदाता उपर निगरानी राख्न आवश्यक सूचना संकलन गर्ने, अन्तर निकाय समन्वय गर्ने, संकलित सूचनाको विश्लेषण गर्ने एवं जोखिम विश्लेषणको आधारमा कारवाहि गर्ने सिलसिलामा नीतिगत निर्णय तथा कार्यान्वयनमा सहजिकरण, समन्वय तथा निर्देशन एवं अनुगमन गर्ने कार्य समेत यस महाशाखा अन्तर्गत सम्पादन हुन्छ।

उल्लिखित सम्बन्धमा आवश्यक नीतिगत र कानूनी सुधारका विषयमा सरोकारवाला निकाय तथा तालुक मन्त्रालयलाई आवश्यक सुझाव र पृष्ठपोषण गर्ने कार्य समेत यस महाशाखाले गर्दछ। महाशाखाको नेतृत्व राजपत्रांकित प्रथम श्रेणीका उप–महानिर्देशकले गर्ने व्यवस्था रहेको छ। यस महाशाखा अन्तर्गत अन्तःशुल्क व्यवस्थापन शाखा, अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा, अन्तःशुल्क प्रयोगशाला, सूचना संकलन तथा जोखिम विश्लेषण शाखा र अनुसन्धान शाखा गरी पाँच शाखाहरु रहेका छन्। उप- महानिर्देशक समक्ष पेश हुने फाइलहरु अध्ययन गरी निर्णयको लागि पेश गर्ने, आगन्तुकको व्यवस्थापन गर्ने, प्राप्त पत्रहरु तोक आदेशानुसार सम्बन्धित शाखामा पठाउने र सञ्चार सहजिकरण लगायतका कार्य गर्नका लागि एक सचिवालय रहनेछ ।

### (क) अन्तःशुल्क व्यवस्थापन शाखा

अन्तःशुल्क सम्बन्धी कार्यमा केन्द्रिय स्तरमा व्यवस्थापन तथा समन्वयको लागि विभागमा अन्तःशुल्क महाशाखा अन्तर्गत अन्तःशुल्क व्यवस्थापन शाखा रहने व्यवस्था छ। यस शाखामा एक निर्देशक, दुई शाखा अधिकृत तथा अन्य सहायक कर्मचारी आवश्यकता अनुसार रहने छन् । यस शाखाले मुख्यतया अन्तःशुल्क ऐन, नीति, कानून, कार्यविधि, कार्यप्रक्रिया तथा मातहतका संरचनाहरुको अनुगमन, मूल्यांकन तथा विश्लेषण गर्ने कार्यहरु गर्दछ। साथै अन्तःशुल्क परिचालनमा मातहतका कार्यालयहरूको निरीक्षण गर्ने कार्य एवं अन्तःशुल्क सम्बन्धी स्टिकर आदिको छपाई, खरिद, भण्डारण, वितरण तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य समेत यस शाखाको जिम्मेवारीमा पर्दछ।

### (ख) अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा

अन्तःशुल्क सम्बन्धी कार्यमा नीतिगत सहयोगको लागि विभागमा एक अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा रहेको छ। यस शाखामा एक निर्देशक, दुई जना शाखा अधिकृत तथा आवश्यकता अनुसार अन्य सहायक कर्मचारी हरु रहने व्यवस्था छ । यस शाखाले अन्तःशुल्क ऐन, नीति, कानून, कार्यविधि, कार्यप्रक्रिया तथा मातहतका संरचनाहरूको अनुगमन, मूल्यांकन, विश्लेषण गर्ने, अन्तःशुल्क परिचालनमा मातहतका कार्यालयहरूबाट भएको कार्यको अध्ययन अनुसन्धान गर्ने, अन्तःशुल्क सुदृढीकरण गर्न सूचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्ने एवं निरन्तर अध्ययन तथा अनुसन्धान गरी नीतिगत सुधारको लागि विकल्प पहिचान गर्ने कार्यहरु गर्दछ।

### (ग) अन्तःशुल्क प्रयोगशाला

अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन परीक्षण, उक्त वस्तुको शक्तिको जाँच तथा गुणस्तर परीक्षण लगायत अत्यावश्यकीय कार्यका लागि विभागमा एक अन्तःशुल्क प्रयोगशाला रहेको छ। यस शाखामा एक सिनियर डिभिजनल केमिष्ट(रा.प.द्वितीय), एक केमिष्ट र एक सहायक खाद्य गुण नियन्त्रक (रा.प.तृतीय), सहायक केमिष्ट र ल्याव असिस्टेन्टको दरवन्दी रहेको छ । स्वदेशमा उत्पादन भएका वा पैठारी हुने मदिरा, वियर, वाईन र साईडर जस्ता उच्च राजस्व जोखिमयुक्त अन्तःशुल्कजन्य वस्तुको शक्ति जाँच र गुणस्तर परीक्षण गर्ने, स्वदेशमा उत्पादन भएका या पैठारी हुने सूर्तीजन्य वस्तु, चुरोट, सूर्ती, खैनी, गुट्खा, पानमसला, स्वीटसुपारीको गुणस्तर परीक्षण गर्ने, यससंग

सम्बन्धित उद्योग प्रतिष्ठानको नियमित अनुगमन निरीक्षण गर्ने, ट्रेडमार्क दर्ता प्रमाणपत्र, स्वीकृत ब्राण्ड, शक्ति, साईज लगायतका विषयमा चुस्त र दुरुस्त अभिलेख निर्माण गर्ने, मदिराजन्य वस्तु र सूर्तीजन्य वस्तुको व्यावसायिक उत्पादन अनुमति प्रदान गर्ने क्रममा प्राविधिक लगायत आवश्यक अन्य सहयोग उपलब्ध गराउने लगायत कार्यहरु सम्पादन गर्नु पर्ने जिम्मेवारी यस शाखाको रहेको छ।

**(घ) सूचना संकलन तथा जोखिम विश्लेषण शाखा**

आर्थिक क्रियाकलापमा भएको वढोत्तरी र विश्व अर्थतन्त्रमा आएका नवीनतम अवधारणा र क्षेत्रहरुलाई करको दायरामा समेटी राजस्व चुहावटका सम्भाव्य क्षेत्रहरु पहिचान गरी काराधार फराकिलो पार्ने र कराधारको संरक्षण गर्ने काम निरन्तर र नियमित हुनु जरुरी छ । नियतवश गरिने कर चुहावटमा नयाँ तरिकाहरुको अभ्यास गर्ने प्रयत्न हुने र ती नयाँ अभ्यासहरुलाई निरन्तर निगरानीमा राखी सोही अनुसार नीतिगत र प्रकृयागत हस्तक्षेप गर्न नसकिएमा स्वेच्छिक कर सहभागिता जनाउने करदाताहरु समेतमा नकारात्मक असर पर्ने हुन्छ। तसर्थ सूचना संकलन, जोखिम विश्लेषण तथा अनुसन्धानमा समन्वय र सहजिकरण गर्ने सन्दर्भमा यस शाखाले देहायका कार्यहरु गर्दछ।

- अनुसन्धनात्मक कर परीक्षणका लागि कार्यगत लक्ष्य निर्धारण गर्ने ।
- सूचना संकलन र विश्लेषण
- राजस्व जोखिमका क्षेत्रहरुको पहिचान गर्ने ।
- सूचना एवं जोखिम विश्लेषणका आधारमा करदाताहरु छनौट गरी छानविन तथा अनुसन्धानका लागि कार्यालयमा पठाउने।
- नियामक निकायहरुवाट प्राप्त उजुरीहरुको अभिलेख राखि छानवनिका लागि सम्वन्धित कार्यालयहरुमा पठाउने ।

यस शाखामा एक निर्देशक, तीन जना शाखा अधिकृतहरु तथा आवश्यकता अनुसार अन्य सहायक कर्मचारी हरु रहने व्यवस्था छ ।

**(ङ) अनुसन्धान शाखा**

कर छली तथा चुहावटमा उद्यत रहने करदाता उपर निगरानी राख्ने एवं छानवीन तथा अनुसन्धान गरी निर्मम रुपमा कानूनी कारवाहि गर्ने गराउने यस शाखाको मुख्य कार्य जिम्मेवारी हो। यस शाखामा दुई निर्देशक, तीन जना शाखा अधिकृतहरु तथा आवश्यकता अनुसार अन्य सहायक कर्मचारी हरु रहने व्यवस्था छ । सो सन्दर्भमा यस शाखाले देहायका कार्यहरु सम्पादन गर्ने गराउने गर्दछ।

- प्रारम्भिक छानबिन तथा अनुसन्धान गर्ने
- विस्तृत छानबिन तथा अनुसन्धान गर्ने
- विद्युतीय तथ्यांक प्रशोधनमा आधारित अनुसन्धान (EDP -Electronic Data Procesing based Investigation) गर्ने,
- आन्तरिक तथा बाह्य सूचना संकलन गरी अनुसन्धान गर्ने
- घरजग्गा बिक्री कारोबारमा पूंजीगत लाभकरको छानबिन गर्ने
- शेयर खरीद बिक्री कारोबारमा पूंजीगत लाभकरको छानबिन गर्ने
- न्युन बिजकीकरण गर्ने करदाताहरूको छानबिन तथा अनुसन्धान गर्ने
- अप्रत्यक्ष विधि(Indirect Method) प्रयोग गरी छानबिन तथा अनुसन्धान गर्ने
- कार्यालयवाट सम्पादन भएका अनुसन्धनात्मक कार्यको अनुगमन गर्ने
- अनुसन्धानसंग सम्वन्धित विषयमा सम्पर्क व्यक्तिका रुपमा कार्य गर्ने

## सूचना प्रविधि व्यवस्थापन महाशाखा

आन्तरिक राजस्व विभाग विद्युतीय सूचना प्रणालीमार्फत सार्वजनिक सेवा प्रवाहमा प्रतिवद्ध अग्रणी सरकारी निकायको रूपमा रहेको छ। हाल विभागका सबैजसो व्यवसायिक प्रकृयाहरु एकिकृत कर प्रणाली लगायतका विद्युतीय प्रणालीको उपयोग गरी सञ्चालनमा रहेका छन्। विद्युतीय शासन (e-Governance) को माध्यमबाट करदाताहरुलाई सेवा दिने कार्यमा व्यवस्थितरूपमा अघि बढ्ने क्रममा यस विभागले आफूले सञ्चालनमा ल्याएका प्रणालीहरुलाई निरन्तर सुधार एवं विस्तार गर्दै आएको छ । विभाग तथा कार्यालयमा प्रयोगमा आउने सूचना प्रविधिसँग सम्बन्धित प्रणालीको विकास, सञ्चालन, रेखदेख तथा सम्भार लगायतका कार्य

| | | |
|---|---|---|
| | | यस महाशाखाको प्रमुख जिम्मेवारीको रूपमा रहेको छ ।विभाग तथा मातहतका कार्यालयहरूको सूचना प्रविधि पूर्वाधार निर्माण, विकास तथा व्यवस्थापन गर्ने, अन्तर निकाय विद्युतीय संजाल निर्माण तथा विकासमा जोड दिने र सहकार्य प्रवर्द्धन गर्ने, सूचना प्रविधिको विकास एवं विस्तार गरी कार्यालयको विद्युतीय सुशासन प्रवर्द्धन गर्ने, सूचना संकलन, भण्डारण, विश्लेषण तथा सम्परीक्षण कार्यलाई व्यवस्थित गर्ने, विभाग तथा कार्यालयको सूचना प्रविधि व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक विशेषज्ञहरूको भर्ना तथा छनौट गर्ने, विज्ञ समूहको कार्य सम्पादन मूल्यांकन गर्ने लगायतका कार्यहरु यस महाशाखा अन्तर्गत सम्पादन हुने गरेको छ। यस महाशाखा अन्तर्गत व्यवस्थापन सूचना प्रणाली शाखा, सूचना संचार प्रविधि शाखा र सूचना प्रविधि सुरक्षा शाखा गरी ३ वटा शाखाहरु रहेका छन् ।<br>सूचना प्रविधि विज्ञ समक्ष पेश हुन आउने फाइलहरु अध्ययन गरी निर्णयको लागि पेश गर्ने, आगन्तुकको व्यवस्थापन गर्ने, प्राप्त पत्रहरु तोक आदेशानुसार सम्बन्धित शाखामा पठाउने र सञ्चार सहजिकरण लगायतका कार्य गर्नका लागि एक सचिवालय रहनेछ ।<br><br>**(क) व्यवस्थापन सूचना प्रणाली शाखा**<br>विभागको कामलाई विद्युतीय प्रणालीमार्फत संचालन गर्नको लागि व्यवसायिक प्रकृया (Business Process) अनुसार प्रणाली विकास गर्न प्रणाली विश्लेषण तथा प्रारुप निर्धारण (System Analysis and Design) को कार्य गर्ने गराउने मुख्य कार्य सहित देहायका कार्यहरु यस शाखा अन्तर्गत सम्पादन हुन्छन्।<br>➢ आवश्यकतानुसार नयाँ क्षेत्रको पहिचान गरी सोही अनुसारको प्रणाली विकास गर्न सिफारिस गर्ने, निर्णयानुसार प्रणाली विकास गर्न लगाउने र उपयुक्त परीक्षण गराई प्रयोगमा ल्याउने व्यवस्था गर्ने,<br>➢ विद्युतीय प्रणालीको नियमित संचालनको व्यवस्था मिलाउने र प्रणाली संचालनको सिलसिलामा आउने समस्याहरुको निराकरणको व्यवस्थापन गर्ने,<br>➢ सालबसाली रुपमा हुने नीतिगत एवं कानूनी परिवर्तन बमोजिम सम्बन्धित शाखासँगको समन्वयमा विद्युतीय प्रणालीमा परिमार्जन गर्ने व्यवस्था मिलाउने,<br>➢ सूचना प्रविधि सम्बद्ध कर्मचारी लगायत विभाग तथा अन्तर्गतका कर्मचारीलाई आवश्यक सूचना प्रविधिसँग सम्बन्धित तालिमको पहिचान तथा संचालनमा समन्वय गर्ने,<br>यस शाखामा सूचना प्रविधि निर्देशक एक, कम्प्यूटर इन्जिनियर दुई र कम्प्यूटर/सूचना प्रविधि अधिकृत तीन जना को दरबन्दी रहेको र आवश्यकता अनुसार अन्य सहायक कर्मचारी हरु कार्यरत रहने व्यवस्था छ ।<br><br>**(ख) सूचना संचार प्रविधि शाखा**<br>आन्तरिक राजस्व विभागमा रहेको डाटा सेन्टर तथा डिजास्टर रिकभरी सेन्टरलाई चौविसै घण्टा संचालनमा रहने गरी प्रबन्ध मिलाउने महत्वपूर्ण जिम्मेवारी रहेको यस शाखामा सूचना प्रविधि निर्देशक एक, कम्प्यूटर इन्जिनियर दुई र कम्प्यूटर/सूचना प्रविधि अधिकृत तीन जनाको दरबन्दी रहेको र आवश्यकता अनुसार अन्य सहायक कर्मचारी हरु कार्यरत रहने व्यवस्था छ ।यस शाखाबाट मुख्य रुपमा देहायका कार्यहरु सम्पादन हुने गरेका छन्।<br>➢ आन्तरिक राजस्व विभाग तथा मातहतका कार्यालयहरुको सूचना प्रविधि पूर्वाधार निर्माण तथा विकास, कम्प्युटर प्रणाली, नेटवर्क, हार्डवेयर डिजाईन, जडान, संचालन तथा सुपरिवेक्षण गर्ने गराउने,<br>➢ आवश्यकतानुसार हार्डवेयर Upgrade र सफ्टवेयर Update तथा खरिद गर्न प्रस्ताव तयार गर्ने गराउने,<br>➢ अन्तर निकाय विद्युतीय संजाल निर्माण तथा विकासमा जोड दिई सोको निम्ति सहकार्यलाई प्रवर्द्धन गर्ने गराउने,<br>➢ सूचना संकलन, भण्डारण आदि कार्यलाई व्यवस्थित गर्ने प्रबन्ध मिलाउने,<br>➢ विभाग र अन्तर्गतका सर्भर लगायतका उपकरण र System Software ले ठिक ढंगले कार्य गरे नगरेको विषयमा अनुगमन गर्ने र व्यवस्थित रुपमा संचालन गर्ने गराउने,<br>➢ ISP सँग समन्वय गरी चुस्त र दुरुस्त संचारको प्रबन्ध मिलाउने, विभाग र अन्तर्गतको कार्यालय बीचको सूचना संजालको उचित प्रबन्ध मिलाउने जस्ता कार्यहरुको व्यवस्थापन गर्ने,<br>➢ आवश्यकतानुसार सूचना संचार प्रविधि पूर्वाधारसँग सम्बन्धित अन्य कार्यहरु गर्ने। |

<table>
<tr><td></td><td></td><td>(ग) सूचना प्रविधि सुरक्षा तथा परिपालना शाखा<br>सूचना प्रविधि सुरक्षा तथा परिपालना गर्ने गराउने मुख्य जिम्मेवारी रहेको यस शाखामा सूचना प्रविधि निर्देशक एक, कम्प्यूटर इन्जिनियर एक, सूचना सुरक्षा अधिकृत एक र कम्प्यूटर/सूचना प्रविधि अधिकृत दुई जनाको दरबन्दी रहेको छ। साथै आवश्यकताका आधारमा अन्य सहायक कर्मचारीहरु कार्यरत रहन सक्नेछन । यस शाखाबाट मुख्य रुपमा देहायका कार्यहरु सम्पादन हुने गरेका छन्।<br>➢ विद्युतीय प्रणालीको सुरक्षार्थ नीतिगत प्रस्ताव तयार गर्ने गराउने र स्वीकृति बमोजिम कार्यान्वयनमा ल्याउने,<br>➢ आन्तरिक राजस्व विभागको सफ्टवेयर एप्लिकेशन, डाटावेस, हार्डवेयर तथा नेटवर्कको सुरक्षा व्यवस्थापन गर्ने,<br>➢ डाटा सेन्टर तथा डिजास्टर रिकभरी सेन्टरको भौतिक सुरक्षा, नेटवर्क र Power System को सुरक्षा व्यवस्थापन गर्ने,<br>➢ सूचना प्रविधि प्रणाली संचालनको नियन्त्रण व्यवस्था (Control Measures) मिलाउने,<br>➢ मातहतका कार्यालयहरुको Electronic Data Processing अडिट कार्यसम्बन्धमा राय सुझाव दिने एवं सहयोग प्रदान गर्ने,<br>➢ सूचना प्रविधिसम्बन्धी सुरक्षा परीक्षण (Security Audit) लगायतका बाह्य परीक्षण (External Audit) गराउने र सोको सिफारिस अनुसारका कार्य गर्ने गराउने,<br>➢ प्रणालीको Unauthorized प्रयोगबाट बचाउने, डाटा सुरक्षणको व्यवस्था गर्ने, Viruses, Worms लगायतका Endpoint Security को व्यवस्था गर्ने,<br>➢ System Software लगायतका सफ्टवेयरहरुको लाईसेन्स अनुपालन सम्बन्धी कार्य गर्ने,<br>➢ Business Intelligence मा आधारित अनुसन्धानमूलक रिपोर्टहरुको डिजाइन गर्ने।<br><br><u>प्रशासकीय पुनरावलोकन शाखा</u><br>आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ अनुसार कार्यालय वा विभागबाट भएका आदेश वा निर्णयहरु उपर करदाताहरुलाई चित्त नबुझेको विषयमा परेको निवेदन जिकिर कानून, कार्यविधि र परिपत्र अनुसार भए नभएको सम्बन्धमा छानविन गर्ने एवं कानून सम्मत भए नभएको हेरी प्रशासनिक तवरबाट गरिने निर्णयलाई प्रशासकीय पुनरावलोकन भनिन्छ। छानविनबाट त्यस्ता निर्णयहरु कानून सम्मत भएको नदेखिएको हदसम्म त्यस्ता निर्णयहरु वा आदेशहरु वदर गरी करदातालाई मर्का परेको अवस्थामा त्यसलाई सच्याउन आन्तरिक नियन्त्रण कायम गर्नको लागि र निर्णय गर्दा अपनाउनु पर्ने प्रकृयासम्बन्धी ज्ञानको अभावमा प्राविधिक र गणीतीय त्रुटीहरु हुन गएको रहेछ भने माथिल्लो अधिकारी (महानिर्देशक) ले पुनरावलोकनको रोहबाट सच्याई करदातालाई न्याय प्रदान गर्न यो व्यवस्था गरिएको हो । उपरोक्त कार्य गर्नको लागि विभागमा महानिर्देशक अन्तर्गत एक प्रशासकीय पुनरावलोकन शाखा रहेको छ । शाखामा २ निर्देशक, ४ शाखा अधिकृत र आवश्यकताका अनुसार अन्य सहायक कर्मचारीहरु रहने व्यवस्था छ । यस शाखाबाट देहायका कार्यहरु सम्पादन हुने गर्दछ।<br>➢ प्रशासकीय पुनरावलोकनको म्याद थप गर्ने<br>➢ प्रशासकीय पुनरावलोकनको निवेदन स्वीकार गर्ने<br>➢ निर्णय फाइल र प्रतिक्रिया माग गर्ने<br>➢ निर्णयको अध्ययन गर्ने र राय लिने निर्णय गर्ने<br>➢ प्रशासकिय पुनरावलोकनका लागि निर्देशिका बनाउने र अद्यावधिक गर्ने<br>➢ निर्णाय संग्रह प्रकाशन गर्ने ।</td></tr>
<tr><td>६</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिम्मेवार अधिकृत तोकि नागरिक बडापत्रमा उल्लेख गरिएको छ।</td></tr>
</table>

| | | |
|---|---|---|
| ७ | **निर्णय गर्ने प्रक्रिया र अधिकारी** | शाखागत रुपमा गरिनुपर्ने महाशाखा अन्तर्गतका शाखाका निर्देशकमार्फत सम्बन्धित उपमहानिर्देशक कहाँ पेश भई महानिर्देशकबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको छ। |
| ८ | **निर्णय उपर उजुरी सुन्ने अधिकारी** | कार्यालयबाट हुने निर्णयको सम्बन्धमा विभागको महानिर्देशक र विभागीय निर्णयको सम्बन्धमा मन्त्रालयको सचिव |
| ९ | **सम्पादन गरेको कामको विवरण** | विभागमा रहेका विभिन्न महाशाखा अन्तर्गतका शाखाहरुले सम्पादन गर्ने वार्षिक कार्य योजना तयार गरी स्वीकृत गर्ने गरेको र सोही बमोजिम कार्य सम्पादन हुने गरेको छ। मुख्य मुख्य कार्यहरु निम्नानुसार छन्: |

**क. करदाता दर्ता तर्फः**

| परिसूचक | आ.व.२०८१/८२ (कार्तिक देखि पौषसम्म) | २०८१ पौष मसान्तसम्मको जम्मा |
|---|---|---|
| व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता संख्या | १४२६०२ | ४५४८३२३ |
| स्थायी लेखा नम्बर दर्ता संख्या | २८०८६ | १९९३७२४ |
| मूल्य अभिबृद्धि करमा दर्ता संख्या | ५४५८ | ३३८३१६ |
| अन्तःशुल्क इजाजत संख्या (दर्ता) | १८७१ | १२१६८२ |
| विथहोल्डर स्थायी लेखा नम्बर दर्ता संख्या | ५७३ | ३४६३८ |

**ख. अन्य कार्यगत परिसूचक तर्फः**

| परिसूचक | आ.व.२०८१/८२ (कार्तिक देखि पौषसम्म) | आ.व.२०८१/८२ को पौष मसान्तसम्मको जम्मा |
|---|---|---|
| पूर्ण कर परीक्षण संख्या | ३३६ | १३०६ |
| प्रारम्भिक अनुसन्धान संख्या | २३३ | ३१७ |
| विस्तृत अनुसन्धान संख्या | ५७ | १६७ |
| अग्रिम कर कट्टी परीक्षण संख्या | ४८९ | ५०० |
| बजार अनुगमन संख्या | १६५१ | २६७६ |
| अबैध मदिरा कारोबार अनुगमन संख्या | ३२१ | ५३२ |
| संकलन भ्रमण संख्या | १५४० | १७२८ |
| करदाता शिक्षा संख्या | ४२९ | ५६१ |

| | | |
|---|---|---|
| १० | **सूचना अधिकारी र प्रमुखको नाम र पद** | **सूचना अधिकारीः श्री बासुदेव पौडेल, निर्देशक**<br>**प्रमुखः श्री राम प्रसाद आचार्य, महानिर्देशक** |

| | | |
|---|---|---|
| ११ | **ऐन, नियम, निर्देशिकाको सूची** | • आयकर ऐन (संशोधन सहित), २०५८<br>• आयकर नियमावली (संशोधन सहित), २०५९<br>• मूल्य अभिबृद्धि कर ऐन (संशोधन सहित), २०५२<br>• मूल्य अभिबृद्धि कर नियमावली (संशोधन सहित), २०५३<br>• अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली (संशोधन सहित), २०५९<br>• मदिरा ऐन, २०३१ र मदिरा नियमावली (संशोधन सहित), २०३३<br>• आयकर निर्देशिका (संशोधन सहित), २०६६<br>• मूल्य अभिबृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९<br>• अन्तःशुल्क निर्देशिका (संशोधन सहित), २०६८<br>• विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ (संशोधन सहित)<br>• पूँजिगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७२<br>• हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका,२०८१<br>• बिलासिता शुल्क सम्बन्धी कार्यविधि,२०८१ |
| १२ | **आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण** | यस अवधिको खर्च रु.हजारमा |
| १३ | **तोकिए बमोजिम अन्य विवरण** | |
| १४ | **अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण** | राष्ट्रिय कर दिवस र व्यवस्थापन गोष्ठी कार्यक्रम आयोजना भएको।<br>करदाता शिक्षा तथा कर सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरुमा सहभागिता भएको। |
| १५ | **वेभसाईट भए सोको विवरण** | www.ird.gov.np |
| १६ | **वैदेशिक सहायता र ऋण,अनुदान एवंप्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण** | |

| महिना | चालु खर्च | पुँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| कार्तिक | १२५७८ | ० | १२५७८ |
| मंसिर | १५७९२ | ५३६ | १६३२८ |
| पौष | १६७७२ | ० | १६७७२ |
| **जम्मा रु.** | **४५१४२** | **५३६** | **४५६७८** |

<table>
<tr>
<td>१७</td>
<td>सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन</td>
<td>
राजस्व संकलन रकम रु. हजारमा
<table>
<tr><th>प्रकारः</th><th colspan="3">२०८१ कार्तिक देखि २०८१ पौष महिनासम्मको</th><th colspan="3">आ.व.२०८१/८२ को पौषसम्मको</th></tr>
<tr><th>Group</th><th>Total Target</th><th>Total Collection</th><th>Percent</th><th>Total Target</th><th>Total Collection</th><th>Percent</th></tr>
<tr><td>Income Tax</td><td>103582629</td><td>80759581</td><td>77.97</td><td>155590174</td><td>121776954</td><td>78.27</td></tr>
<tr><td>House Rent</td><td>1015286</td><td>770934</td><td>75.93</td><td>2186035</td><td>1312549</td><td>60.04</td></tr>
<tr><td>Interest</td><td>10231390</td><td>7386162</td><td>72.19</td><td>22565940</td><td>16116826</td><td>71.42</td></tr>
<tr><td>VAT (Internal)</td><td>37898361</td><td>33314836</td><td>87.90</td><td>75870267</td><td>64739041</td><td>85.33</td></tr>
<tr><td>Excise</td><td>31604682</td><td>31269245</td><td>98.94</td><td>60109475</td><td>57464119</td><td>95.60</td></tr>
<tr><td>Health</td><td>2619931</td><td>1858457</td><td>70.94</td><td>4372023</td><td>3306047</td><td>75.62</td></tr>
<tr><td>Education</td><td>457522</td><td>660532</td><td>144.37</td><td>903892</td><td>1614971</td><td>178.67</td></tr>
<tr><td>Other</td><td>73053</td><td>2780816</td><td>3806.71</td><td>144251</td><td>5567268</td><td>3859.44</td></tr>
<tr><td>Grand Total:</td><td>187482854</td><td>158800563</td><td>84.70</td><td>321742057</td><td>271897775</td><td>84.51</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१८</td>
<td>वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी</td>
<td></td>
</tr>
<tr>
<td>१९</td>
<td>सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय</td>
<td></td>
</tr>
<tr>
<td>२०</td>
<td>सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण</td>
<td>-आर्थिक ऐन, २०८१ र सोसँग सम्बन्धित विभिन्न शुल्कहरुसँग सम्बन्धित कार्यविधिहरु वेभसाईटमा राखिएको।<br>-अद्यावधिक गरिएका कर सम्बन्धी विभिन्न ऐन र नियमावलीहरु वेभसाईटमा राखिएको।<br>--विभागबाट जारी भएका निर्देशिका, सार्वजनिक परिपत्रहरु, आवधिक सूचनाहरु, वेभसाइटमा राखिएको र अध्यावधिक गर्ने गरिएको छ।<br>-हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका,२०८१ र बिलासिता शुल्क सम्बन्धी कार्यविधि,२०८१ तयार गरी वेभसाईटमा राखिएको ।</td>
</tr>
</table>